बैठक सख्याः ७(सात)

मिति २०८१/०८/१९ को नगर कार्यपालिका बैठकका निर्णयहरुः-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको १६औं नगरसभाले सिद्धार्थनगर नगरपालिका वडा नं.- ४,६,७ र ८ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना* गरी स्वास्थ्यमा नागरिकको सहज पहुँच पुर्याउन आवश्यक स्वास्थ्य तर्फका कर्मचारीहरु नियुक्ति गर्नका लागि दरबन्दी सृजना गरे बमोजिम आर्थिक बर्ष २०७६/७७ को कोभिड -१९ को महामारी तथा रोग नियन्त्रणका लागि सिद्धार्थनगर नगरपालिका मार्फत बेलहिया नाकामा हेल्थ डेस्क सञ्चालनको लागि आवश्यक सि.एम.ए.(अ.हे.ब.)(चौथो तह) पदको लागि नियुक्ति पाइ कार्यरत रहेकोमा हाल लुम्बिनी प्रदेशबाट तलव सुविधा पाउने गरी बेलहिया हेल्थ डेक्समा कार्यरत रहेका देहाय वमोजिमका कर्मचारीलाइ पुनः तलव सुविधा सिद्धार्थनगर नगरपालिकाबाट पाउने गरी सिद्धार्थनगर नगरपालिकामा स्थापना भएको आधारभूत स्वास्थ्य केन्द्रमा काममा लगाउने निर्णय गरियो ।

देहायः

१. अनिल कुमार यादव
२. लाल मोहन चौधरी
३. विक्रम कुवँर क्षेत्री

निर्णय नं.- २(दुई)

सिद्धार्थनगर नगरपालिकाबाट सञ्चालित सिद्धार्थ बसपार्क मार्फत बेलहिया नाका हुँदै नेपाल प्रवेश गर्ने पर्यटकहरुलाई नेपालको पर्यटकीय धार्मिकस्थल लुम्बिनी लगायत अन्य क्षेत्रमा यात्रा गर्नका लागि सहजीकरण हुने हेतुले प्रविधियुक्त (अनलाइन शाखा) अपाङ्गमैत्री काउन्टरको आवश्यकता भए अनुसार उक्त प्रविधि काउन्टरको लागी बुटवल यातायात प्रा.ली. ले रोकी राखेको तर लामो समयसम्म प्रयोगमा नल्याएको एक पार्टेशन कोठा खाली रहेको हुँदा उक्त कोठा उपलब्ध गराइदिनुहुन भनी पश्चिम नेपाल बस व्यवसायी प्रा.ली. प्रधान कार्यालय, बुटवलको चं.नं. ४३६ मिति २०८१/०७/०७ को पत्र मार्फत अनुरोध भइ आएको हुँदा सिद्धार्थ बसपार्क भित्र बुटवल यातायात प्रा.ली. ले रोकी राखेको हाल प्रयोगमा नआएको खाली रहेको उल्लेखित कोठा पश्चिम नेपाल बस व्यवसायी प्रा.ली., प्रधान कार्यालय, बुटवल नेपाललाई उपलब्ध गराउने बिषयमा सिद्धार्थ बस व्यवसायी प्रा.ली. संग संयुक्त रुपमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.- ३(तिन)

विविध :

१. सिद्धार्थनगर नगरपालिकाको नाममा रहेको लु१ब ६०४ ई नं. JA05EBB9F12068 च्यासिस नम्बर MBLJA05EGB9F11899 को हिरो होण्डा कम्पनीको सुपर स्प्लेण्डर कालो कलरको मोटरसाइकल मिति २०८१।०५।०७ मा कार्यालयको कामकाजको शिलसिलामा सि.न.पा. वडा नं. ९ नयाँ कलोनीमा पार्किङ्ग गरेको अवस्थामा चोरी भइ हराएकोमा सो मोटरसाइकल खोजी गर्न जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दिइएकोमा सो मोटरसाइकल खोजतलास गर्दा हाल सम्म फेला नपरेको खोजतलास कार्य भइरहेको भनी जिल्ला प्रहरी कार्यालय रुपन्देहीको च.नं. ३५५१ मिति २०८१।०७।०५ को पत्र यस कार्यालयमा प्राप्त हुन आएको हुँदा उल्लेखित मोटरसाइकल हाल सम्म फेला नपरेकोले यस कार्यालयको खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाधिएको हुँदा सो मोटरसाइकलको लगत कट्टा गर्ने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिका वडा नं. ९ वडा कार्यालयको च.नं. १९५ मिति २०८१।४।३१ को पत्रानुसार सिद्धार्थ राजमार्ग देखि प्रभातपथ हुँदै अटो भिलेज जाने बाटोमा सिद्धार्थ राजमार्गमा रहेको डिभाइडर पाइप हटाइ विद्यालय तथा अटो भिलेज जाने बाटो खुलाउनको लागी सहजीकरण गरीदिन अनुरोध भइ आएको हुँदा नगरपालिकाले ग्यारेज व्यवस्थापनका लागी प्रस्तावित भएको अटो भिलेजमा जाने सडक प्रभातपथ देखि सिद्धार्थ राजमार्ग सडकमा रहेको डिभाइडर खोल्ने कार्यमा साथै सि.न.पा वडा नं. ३ स्थित मेडिकल कलेज जाने सडक, वडा नं. १३ हाटवजार जाने सडक तथा वडा नं. १२ आवारोड जाने सडकमा एकतर्फी डिभाईडर सडक खोली दिन आवश्यक सहयोगका लागी बेलहिया बुटवल व्यापारिक मार्ग विस्तार आयोजनाको कार्यालय मणिग्राममा सिफारिश साथ अनुरोध गर्ने निर्णय गरियो ।

३. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ स्नुकर संघ र क्रेजी क्यू क्व हाउसद्धारा संयुक्त रुपमा आयोजना गरिएको रुपन्देही स्तरिय खुल्ला स्नुकर प्रतियोगिता मेयर कपको ८औं संस्करणको खेलकुद सन्चालनका लागी आर्थिक सहयोग माग भएको हुँदा उक्त खेलखुद सन्चालनका लागी रु. १,००,०००.०० (एक लाख) सहयोग गर्ने निर्णय गरियो ।

४. सिद्धार्थनगर नगरपालिका वडा नं. ७ स्थित कित्ता नं. ९ को क्षत्रेफल ०-०-१३ धुर जग्गा नेपाल भारत पूर्व सैनिक परिवार कल्याण सगठनलाइ उपभोग गर्न नगरपालिकाबाट सिफारिश दिइएकोमा हाल सि.न.पा. वडा नं. ७ मा कुनै सार्वजनिक जग्गा नभएको हुँदा सो जग्गा सार्वजनिक कायम गर्नका लागी ७ नं. वडा कार्यालयको च.नं. ७१८ मिति २०८१/०२/२४ को पत्र मार्फत अनुरोध भएको र सो जग्गाको सम्वन्धमा वादी नारायण प्रसाद ज्ञवाली संगको सिफारिश एवम निर्णय वदर हक कायम मुद्दामा मिति २०८१/०२/१६ को रुपन्देही जिल्ला अदालतको फैसलाले उक्त मुद्दाको वादी नारायण प्रसाद ज्ञवालीको हक कायम नभइ जग्गाको स्थिती यथावत नै रहने गरी फैसला भएको देखिएको हुँदा सो जग्गालाइ सार्वजनिक कायम गर्ने बिषयमा नेपाल भारत पूर्व सैनिक परिवार कल्याण सगठनका प्रतिनिधिहरुसंग छलफल गर्ने निर्णय गरियो ।

५. सिद्धार्थनगर नगरपालिका वडा नं. ५ स्थित सडकमा रहेको हाटबजारलाइ व्यवस्थित रुपमा राखे विषयमा सोही स्थानमा निमार्ण भएको कृषि हाटबजार पूर्वाधार भवन ए ब्लकमा राख्रका लागी देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

१. सयोजकः- श्री पुरन प्रसाद श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ५
२. सदस्यः- श्री सोम बहादुर गुरुङ्ग, वडा अध्यक्ष वडा नं. १३
३. सदस्यः- श्री सरस्वती श्रेष्ठ, वडा सदस्य वडा नं. ५
४. सदस्यः- श्री निलु श्रीस, वडा सदस्य वडा नं. १३
५. सदस्यः- श्री साकार श्रेष्ठ, ई. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन महाशाखा प्रमुख
६. सदस्य सचिवः- श्री कमलकान्त खनाल, राजश्व महाशाखा प्रमुख